नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

**प्रकाशित मितिः २०७९/३/२१**

प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निलेश एल शखिया समेत भएको हातहतियार खरखजना, अबैध सुनचाँदी चोरी पैठारी तथा चोरी निकासी, डाँका र संगठित अपराध मुद्दाका प्रतिवादीहरु उपर महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंको च.नं. २३०२ मिति २०७७/६/१६ को पत्रबाट सम्पत्ति शुद्धीकरणको कसुरमा आवश्यक कारवाहीका लागि प्राप्त सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी निलेश एल सखिया भन्ने निलेश लवजीभाई शखिया र प्रतिवादी प्रतिवादी राजु, मुन्ना खान सदरुल अन्सारी र अल्ताफ भन्ने ईलताफ हुसेन अन्सारी समेतले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) र (१) (ग) को खण्ड तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को अनुसूचीमा व्यवस्थित देहाय (च) र (थ) को सम्बद्ध कसूरबाट आर्जित रकम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क),(ख) र (ग) ले निषेधित कार्य गरी गराई ऐ. दफा ३ को उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएकाले उल्लेखित दुई जना प्रतिवादीहरु उपर जनही वीगो रु. ५८,६५,९००/०० (अन्ठाउन्न लाख पैसठ्ठी हजार नौ सय रुपैयाँ) का दरले कायम गरी ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुन र प्रतिवादी फूलनाज वेगमका नाउँमा दर्ता रही कसुरमा प्रयोग भएको बा ६ च ५५१९ नम्बरको सिल्भर रंगको स्कर्पियो गाडी सवारी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा (३४) को उपदफा (१) देहाय (ख) बमोजिम जफत गर्ने प्रयोजनार्थ प्रतिवादी कायम गरी आज मिति २०७९/३/२१ गते सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।